**School of Management, TU wins Rs. 50,000 in MFQQ 2016**

Mercantile Exchange Nepal Limited organized MEX Financial Quiz Quest-2016 in the premises of Kathmandu College of Management on 3rd December 2016. The success of the inaugural edition which was held on 19th September 2015 resonated with the organization of the second edition. The event was targeted to enhance the knowledge of the students in the subject of their study focusing on business and finance. It was also aimed at improving the proficiency of the financial scenarios of the global markets.

The competition had participations from 17 leading business colleges of Kathmandu Valley. Among the participants, School of Management, TU was successful in grabbing the winner's trophy along with the cash prize worth Rs. 50,000 and other gift hampers. Anusha Neupane, Janak Singh Dhami and Diwash Upadhya were the participants of the winning team. Similarly, Apex College won the 1st Runner up Trophy with a cash prize worth Rs.25,000 and gift hampers. Basanta Sapkota, Mahesh Aryal and Sweeta Timilsina were the participants from Apex College.

The program was successful in including almost all of the esteemed management colleges around Kathmandu Valley. The maximum participation of the colleges was the major attribute behind the success of the competition. More than 60 students participated in the program. The program was thus able to acknowledge a maximum number of student and also was able to bridge the gap between practical and theoretical knowledge of the students regarding the field of finance. The success of the program has also encouraged MEX Nepal in planning for the next edition of the competition in the ensuing year.

**एमएफक्युक्युको प्रथम पुरुस्कार नगद रु ५० हजार स्कुल अफ म्यानेजमेन्ट त्रिभुवन विश्वबिद्यालयलाई**

मर्कन्टाइल एक्सचेन्ज नेपाल लिमिटेडद्धारा आयोजित मेक्स फाइनान्सियल क्युज क्वेस्ट ( एमएफक्युक्यु) प्रतियोगितामा नगद रु ५० हजार सहित अन्य उपहारहरु हासिल गर्दै स्कुल अफ म्यानेजमेन्ट, त्रिभुवन विश्वबिद्यालय प्रथम भएको छ । उक्त विश्वबिद्यालयबाट अनुषा न्यौपाने, जनक सिंह धामी र दिवस उपाध्याय सहभागि भएका थिए । बसन्त सापकोटा, महेश अर्याल र श्वेता तिमिल्सिनले सहभागिता जनाएको एपेक्स कलेजले द्धितिय अपाधि हासिल गर्दै नगद रु २५ हजार सहित अन्य उपहार जित्न सफल भएको छ । यस प्रतियोगितामा विभिन्न व्यवस्थापन कलेज तथा विश्वविद्यालयका २० वटा समुहहरु बिच प्रतिश्पर्धा भएको थियो ।

वित्तिय साक्षरता अभियानको रुपमा मेक्स नेपालले मंसिर १८ गते शनिबार यस कार्यक्रमको आयोजना गरेको थियो । यो कार्यक्रम व्यवस्थापन संकायका स्नातक तथा स्नातकोत्तरका विद्यार्थिहरु बिचको अन्तर कलेज हाजिरि जवाफ प्रतियोगिता हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तिय क्षेत्र संग सम्वन्धित प्रश्नहरुमा आधारित यो हाजिरि जवाफ प्रतियोगिता नेपालमा गरिएको एक नौलो अभ्यास हो । काठमाडौं कलेज अफ मेनेजमेन्टको प्रांगणमा आयोजना गरिएको सो कार्यक्रममा व्यवस्थापन संकायका विद्यार्थिहरुको ठुलो सहभागीता रहेको थियो ।

मेक्स नेपालले यस प्रतियोगिताको पहिलो संस्करण २०७२ साल आश्विन २ गते आयोजना गरेको थियो । यो प्रतियोगिता मेक्स नेपालले वार्षिक रुपमा आयोजना गर्ने लक्ष लिएको छ । प्रतियोगिताबाट प्राप्त सफलताले आउदो वर्ष नयाँ संस्करणको लागी थप उत्साह प्रदान गरेको छ ।